अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

| खण्डः ६ | संख्याः ८ | मितिः २०७९/०६/३१ |
|---|---|---|

**भाग- २**

**अजिरकोट गाउँपालिका**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले अजिरकोट गाउँपालिकाको बालकोष संचालन कार्यविधि, २०७९ वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# अजिरकोट गाउँपालिका

## बालकोष संचालन कार्यविधी २०७९

**अजिरकोट गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**भच्चेकगोरखा ,**

**गण्डकी प्रदेश, नेपाल**

२०७९

# बालकोष संचालन कार्यविधी २०७९

## परिच्छेद १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः-**

क) यस कार्यविधिको नाम अजिरकोट गाउँपालिकाको बालकोष सञ्चालन कार्यविधि - २०७९” रहेको छ ।

ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति बाट लागू हुने छ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **“आर्थिक प्रशासन शाखा”** भन्नाले अजिरकोट गाउँ कार्यपालिकाको कार्यालयको आर्थिक प्रशासन शाखालाई सम्झनुपर्छ ।

(ख) **“आपत्कालीन एवं जोखिम अवस्थाका बालबालिका”** भन्नाले यस कार्यविधिको दफा ११ मा उल्लेख भए अनुसारका बालबालिकालाई बुझाउँदछ ।

(ग) **“कार्यालय”** भन्नाले अजिरकोट गाउँपालिका कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

(घ) **“गाउँपालिका”** भन्नाले अजिरकोट गाउँपालिका लाई सम्झनुपर्छ ।

(ङ) **“गाउँ कार्यपालिका”** भन्नाले अजिरकोट गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(च) **“गाउँपालिका "अध्यक्ष "** भन्नाले अजिरकोट गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

(छ) **“गाउँपालिका उपाध्यक्ष ”** भन्नाले अजिरकोट गाउँपालिका उपाध्यक्ष सम्झनु पर्दछ

(ज) **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले अजिरकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(झ) **“बाल कोष”** भन्नाले यस कार्यविधिको दफा ७ बमोजिम स्थापना गरिएको बाल कोषलाई सम्झनुपर्छ।

ञ) **“लैङ्गिक हिंसा”** भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुव्र्यहार र सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसालाई सम्झनुपर्छ ।

ट) **“सामाजिक विकास समिति”** भन्नाले अजिरकोट गाउँपालिकाको सामाजिक विकास समितिलाई सम्झनु पर्दछ ।

ड) "**संचालक समिति**" भन्नाले यस कार्यविधिको दफा ४ बमोजिमको बाल कोष संचालक समितिलाई सम्झनुपर्छ।

# परिच्छेद २

# बाल कोष स्थापनाको उद्देश्य, बाल कोष संचालक समितिको गठन तथा काम, कर्तव्य र अधिकार

## ३. बाल कोषको उद्देश्य

क) जोखिमको अवस्थामा रहेका बालबालिकाको उद्दार गर्ने, राहत उपलब्ध गराउने र पारिवारिक पुनरुथापना गराउने ।

ख) जोखिम अवस्थामा रहेका बालबालिकाहरुलाई स्वास्थ्य उपचारमा सहयोग गर्ने तथा आवश्यक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने ।

ग) जोखिम अवस्थामा रहेका बालबालिकाहरुको बालअधिकारको संरक्षण र सम्बर्द्नमा सहयोग पुर्याउने

घ) बाल विवाहको जोखिममा परेका बालबालिकाहरुलाई सहयोग गर्ने ।

ङ) बाल श्रममा रहेका र बालश्रममा पर्न सक्ने जोखिमका बालबालिकाहरुलाई सहयोग गर्ने ।

च)विशेष संरक्षणको आवश्यकता रहेका बालबालिकाहरूलाई संरक्षण र उपचारका लागि सम्वन्धित निकायमा सुरक्षित साथ पठाउने ।

## ४. बाल कोष सञ्चालक समितिको गठनः-

गाउँपालिकामा बालकोष संचालनका लागि देहाय बमोजिमको बाल कोष संचालक समिति रहनेछ ।

१. गाउँपालिका उपाध्यक्ष -संयोजक

२. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

३. गाउँपालिका अध्यक्षले तोकेको गाउँ कार्यपालिकाको महिला सदस्य मध्येबाट १ जना- सदस्य

४.आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

५. महिला तथा बालबालिका विकास शाखा -सदस्य सचिव

## ५. बाल कोष संचालक समितिको काम, कर्तव्य र अधिकार

बाल कोष संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आपत्कालीन वा जोखिम अवस्थामा रहेका बाल बालिकाहरुको उद्धार, राहत तथा पुर्नस्थापनाको व्यवस्था मिलाउन।

(ख) स्वीकृत कार्यक्रमको लागि कोष परिचालनको व्यवस्था मिलाउने।

(ग) सहयोगको आवश्यता र उपलब्ध स्रोतको आधारमा प्रतिव्यक्ति बढीमा रु १०,००० सम्मको सामाग्री वा नगद सहयोग गर्ने।

(घ)स्वीकृत कार्यक्रम प्रभावकारी कार्यान्वयन भए, नभएको, उद्धार गरिएको बालबालिका सुरक्षित साथ जीवन यापन गर्न पाए नपाएको तथा सहयोग प्राप्त बालबालिकाको जीवनमा सुधार आए नआएको सम्बन्धमा अनुगमन गर्ने ।

(ङ) बालबालिकाको सहयोगको लागि विभिन्न निकाय तथा संघ-संस्थासँग समन्वय गर्ने।

(च)सहयोग गरिएका बालबालिकाहरुको र सहयोगी संस्थाहरुको अद्यावधिक विवरण तयार गर्ने व्यवस्था मिलाउने ।

छ) बाल कोषको रकम बृद्धि गर्न उपयुक्त नीति तथा कार्यक्रम र रचनात्मक कार्यक्रमको तर्जुमा गर्ने ।

(ज)आपतकालीन अवस्थाका बालबालिकाको संरक्षणका लागि अन्य आवश्यक कामहरु गर्ने ।

## ६. सञ्चालक समितिको बैठकः

आपतकालिन अवस्थाका बालबालिकाहरुको संरक्षणको लागि बाल अधिकार समिति र वडा बाल अधिकार समितिमा परेका निवेदन उपर छलफल र निर्णय गर्न सञ्चालक समितिको बैठक देहाय बमोजिम बस्नेछ ।

क) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

ख) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा सञ्चालक समितिको ज्येष्ठ सदस्य वा सहभागी सदस्यहरुको सहमतिमा तोकेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

ग) समितिले सहमतिका आधारमा निर्णय गर्नेछ र सहमति नभएमा अध्यक्ष सहितको बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

घ) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित एवं अद्यावधिक गरी राख्नेछ।

# परिच्छेद ३

## कोष स्थापना, उपयोग, सञ्चालन तथा व्यवस्थापन

### ७. कोषको स्थापनाः

(१) गाउँपालिकामा एक बाल कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकारबाट प्राप्त रकम ।

(ख) गण्डकी प्रदेश सरकारबाट प्राप्त रकम ।

(ग) गाउँपालिकाको स्वीकृत बार्षिक कार्यक्रममा कोषका लागि विनियोजन गरिएको रकम

(घ) कुनै आयोजना विशेष वा नेपाल सरकारको स्वीकृतिमा दातृ-निकायबाट उपलब्ध गराएको रकम

(ङ) नेपाल सरकारको स्वीकृतिमा विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम

(च) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम ।

(छ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) वमोजिमको कोषमा रहने रकम नेपाल राष्ट्र बैकद्वारा मान्यता प्राप्त "क" वर्गको बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ ।

**८. कोषको खाता सञ्चालन**ः (१) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

**९. लेखा तथा अभिलेखः** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ।

**१०. कोषको रकम अन्य प्रयोजनमा खर्च गर्न नपाईने** (१) कोषको रकम दफा ३ मा लेखिए बमोजिमका कार्यहरुमा बाहेक अन्य कार्यमा उपयोग गर्न पाइने छैन ।

# परिच्छेद ४

# सहयोग सम्बन्धी व्यवस्था

## ११. आपत्कालीन एवं जोखिम अवस्थाका बालबालिका पहिचानका आधारहरुः

क) बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ मा उल्लेख गरिएका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरु

ख) यौनशोषण, यौन दुव्र्यवहार, बेचविखन वा ओसार पसारमा परेका बालबालिकाहरु,

ग) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुव्र्यवहारबाट पीडित,

घ) अपांगतामा भएका,

ङ) दुर्घटनामा परेका वा प्राकृतिक वा दैवी प्रकोपमा परेका,

च) हिंसाबाट प्रभावित एवं पीडित भएका,

छ) हराएको वा वेवारिसे अवस्थामा फेला परेका बालबालिका,

ज) ऋणको कारणले बन्धकमा रहेका वा जबरजस्ती श्रममा लगाई पीडित भएका,

झ) बाबु/आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसंग सम्बन्धित रहेको कारणले बेवारिसे भएका,

ञ) बाबुआमा वा आफन्तजनको संरक्षणबाट बंचित
भएका,

ट) सुस्त मनस्थिति भएका

ठ) अपहरण वा शरीर बन्धकमा परेका,

ड) सडक बालबालिका,

ढ) जोखिमपूर्ण श्रममा संलग्न रहेका,

ण) बाल विवाह गरी विद्यालय छाडेका वा अन्य जोखिममा रहेका

त) बालश्रममा संलग्न र बालश्रममा जानसक्ने अवस्था भएका बालबालिकाहरु

थ) गाउँपालिकाको बाल अधिकार समितिले तोकेका अन्य बालबालिका

## १२. सहयोगको लागि निवेदन दिन सक्नेः-

जोखिमको अवस्थाका बालबालिकाहरुको संरक्षण, उद्धार तथा राहतको लागि सरोकारवाला/व्यक्तिले बालबालिकाको विस्तृत विवरण खुल्ने गरी संचालक समिति समक्ष निवेदन दिन सक्नेछ ।

## १३. सहयोग दिने प्रक्रिया :

(१) प्राप्त निवेदनको आधारमा यस कार्यविधिको दफा ४ बमोजिमको समितिले जोखिमको अवस्थाका बालबालिकाहरु मध्ये प्राथमिकताको आधारमा सहयोगको लागि निर्णय गरी कार्यालयमा सिफारिस गर्नेछ ।

(२) कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि जोखिमको अवस्थामा रहेका बालबालिकाहरुलाई तत्काल आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएमा र तत्काल समितिको बैठक बस्ने अवस्था नरहेमा यस्ता पीडित व्यक्तिहरुलाई उद्धार गर्न, राहत उपलब्ध गराउन र पुर्नस्थापना गर्ने लगायतको कामका लागि बालकोष संचालक समितिको संयोजकको निर्णयले आवश्यकता र औचित्यका आधारमा उक्त समितिबाट पछि अनुमोदन हुने गरी मनासिब रकम कोष बाट पीडितलाई उपलब्ध गराउन सिफारिस गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम उपलब्ध गराइने राहत वा सहयोगको रकमको सीमा दफा (५) (ग) मा भएको व्यवस्थाको प्रतिकूल हुने छैन ।

# परिच्छेद ५

# विविध

## १४. प्रगति प्रतिवेदनः

बाल कोष संचालक समिति तथा कार्यालयबाट बाल कोषको आय व्यय विवरण लगायतका सम्बन्धमा भए गरेका काम कारवाहीको बार्षिक प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको मितिले एक महिना भित्र गाउँ कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ । साथै सो प्रतिवेदन संघीय सरकार र गण्डकी प्रदेश सरकारका सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

## १५ प्रचलित कानुन बमोजिम हुनेः

यस कार्यविधिमा परेका विषयहरु यसै बमोजिम र नपरेका विषयहरुका हकमा प्रचलित कानुन बमोजिम हुनेछ । साथै यस कार्यविधिमा उल्लेखित कुनै व्यहोरा संघ तथा गण्डकी प्रदेश कानुनसँग बाझिएको खण्डमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

आज्ञाले,<br>
नामः भेषराज आचार्य<br>
प्रमुख प्रशासकीय अधिकृत